# जैविक खेती विषय सभा एवं प्रशिक्षण



**रम्फू, ६ दिसम्बरः** रांका निर्वाचन क्षेत्र अन्तर्गत रांका ब्लक प्रशासनीक केन्द्रको प्राङ्गनमा क्षेत्र विधायक डीआर थापाको अध्यक्षतामा वर्षभरि गरिने जैविक खेती विषय सभा एवं प्रशिक्षण कार्यक्रम आयोजित गरियो। सभामा विशिष्ट अतिथिको रूपमा वागवानी विभागका सचिव खोर्लो भोटिया, रांका बीडीओ बिके राई उपस्थित थिए। यसरी नै सभामा कृषि एवं वागवानी विभागबाट अतिरिक्त निर्देशक एन के गुरुङ, संयुक्त निर्देशक भीम लाल दाहाल, उपनिर्देशक डीके राई, एचडीआ छिरिङ राब्देन, जिल्ला पञ्चाय, ग्राम पञ्चायत एकाईका पञ्चायतगणलगायत अन्यको उपस्थिति थियो।

विभागीय संयुक्त निर्देशक भिम लाल दाहालको स्वागत सम्बोधनको साथ शुरु भएको सभामा जैविक खेतीमा प्रयोग गरिने जैविक किटनाशकबारे जानकारी गराउँदै जैविक मल बनाउने तकनिकी विषय जानकारी गराइयो। जैविक खेतीबाट धेरै नयाँ अएवसरहरू प्राप्त हुने साथै समयको माग र बजारको आवश्यकबारे जानकारी पनि गराइयो। आज सिक्किम विश्वभरि जैविक राज्यको रूपमा चिन्हित हुने अनि यस मिसनलाई निरन्तरता दिने सबैको कर्त्तव्य रहेको बताइयो। जैविक खेती गर्नमा विभागको तर्फबाट सहयोग गर्ने विषय बताउँदै अब जैविक पर्यटन पनि विस्तारै राज्यमा विकासको मार्गमा अघि बढ्ने बताए। स्वास्थ्य मात्र नभएर पृथ्वीको जलवायु पनि शुद्धीकरण गर्ने, माटोलाई पनि स्वास्थ्य बनाउनको साथ सबै प्राणीको उमेर समेत जैविकता मिसनबाट बढ़ाएर लानुपर्ने वागवानी विभागका सचिव खोर्लो भोटियाले आह्वान गरे। आज विशव स्वास्थ्य संगठनको सर्वेक्षण अनुसार कृषक गरीब भएको कारण चिकित्सा उपचारमा पनि अधिक खर्च भएको कारण गरीब हुनेबारे चर्चा गर्दै रसायनिक विष, मल आदिको प्रयोगबाट करकट बिमार, क्षयरोग, चर्मरोग, ट्युमर जस्ता घातक रोग लागेर कमाएको धन पनि सबै चिकित्सा खरद्चमा लाग्ने बताउँदै जैविकतालाई प्रमुखता दिनुपर्ने विषय चर्चा गरे। अब अप्रेल २०१८ देखि राज्य बाहिरबाट सब्जीको आयात बन्द गरेको कारण अब राज्यमा सब्जीहरूको खेती गर्ने आवश्यकताको साथ राज्य सरकारको तर्फबाट कृषकहरूलाई मिलेको यो अवसरको लाभ उठाउनुपर्ने आह्वान गरे। प्रत्येक कामलाई व्यवस्थित तरिकाले गरे मात्र फाइदा पुग्ने र अब कसैले पनि आफ्नो खेतीयोग्य जमीन खाली नराख्ने क्षेत्र विधायक डीआर थापाले सम्बोधनको क्रममा आह्वान गरे।

## सुरक्षा संघ छुबाद्वारा रजत जयन्ती समारोहविषयलाई लिएर सभा

**गान्तोक, ६ दिसम्बरः** नाम्ली जीपीयुका पञ्चायत सभापति डिसुम्वीर राईको अध्यक्षतामा आगामी १० दिसम्बरदेखि २७ दिसम्बरसम्म सुरक्षा संघ छुबाद्वारा सम्पन्न हुने रजत जयन्ती समारोह खुल्ला भलिबल प्रतियोगिता आयोजन विषयलाई लिएर प्रथम सभाको आयोजना गरियो। यस अवसरमा छुबा वार्ड पञ्चायत तथा नाम्ली जीपीयु पञ्चायत सदस्य टीका राम छेत्री, सुरक्षा संघ छुबाका प्रतिनिधिगण, निर्झर क्लब, खिम्शीथाङका प्रतिनिधिगण, बंगला युथ क्लब, सन्तोष समाज, निउ निर्मल अनि मिलन समाजका प्रतिनिधिगणहरुको उपस्थिति रहेको थियो। सभामा रजत जयन्ती समारोहलाई कसरी सफल बनाउने भन्ने विषयमा बहस तथा छलफल गरियो। सभाले यसै अवसरमा खुल्ला भलिबल प्रतियोगिताको पनि आयोजना गरिने हुँदा यस प्रतियोगितालाई सफलता पूर्वक सम्पन्न गर्नको निम्ति आयोजक समितिको के कस्तो भुमिका रहन्छ भन्ने विषयमा पनि छलफल गरायो। यसरी नै सभाले आगामी १० डिसेम्बर देखि सम्पन्न हुने रजत जयन्ती समारोह खुल्ला भलिबल प्रतियोगिता आयोजनको निम्ति सभाले विभिन्न प्रस्ताव पारित गरियो। प्रस्तावमा रजत जयन्ती समारोह स्वयंसेवकहरुको आवश्यकता अनि प्रबन्धन मिलाउनु पर्ने, भलिबल प्रतियोगिताको ट्रफी प्रायोजन, प्रत्येक जीपीयु स्तरका पञ्चायतहरुलाई खबर दिने आदि प्रस्ताव रहेकोछ भने आयोजक समितिले आउँदो १४ डिसेम्बरको दिन समिक्षात्मक सभा राखिने सभाले प्रस्ताव पारित गरेको छ ।

# अन्तराष्ट्रिय मानवाधिकार एवं अपराधीरोधी संगठनका राष्ट्रिय अध्यक्ष सिक्किममा



**रम्फू, ६ दिसम्बरः** अन्तराष्ट्रिय मानवाधिकार एवं अपराधीरोधी संगठनका राष्ट्रिय अध्यक्ष रमेश शाह एक दिवसीय भ्रमणमा सिक्किम आएको समय आकस्मिक बैठक गान्तोकमा सम्पन्न भयो। सिक्किम राज्य सभापति गणेश शर्माको साथ अन्य सदस्यहरूको उपस्थितिबीच संगठनिक विषयहरूको साथ सिक्किम राज्य समितिले विगतका समयमा गरेका कार्यबारे चर्चा गरियो। गणेश शर्माले संगठनिक विषयबारे जानकारी गराउँदै सिक्किमको सबै बजार र जिल्लाहरूमा शाखा गठन गर्नको निम्ति सदस्यता अभियान चलिरहेको र चाड़ै परिणाम आउने संकेत दिए। विभिन्न सेवा प्रकल्पबारे चर्चा गर्दै विशेषत मानव अधिकार र जिम्मेवारीबारे जन-जनबीच जागरूकतामाथि पहल गर्ने बताउँदै सिक्किम निर्माणमा संगठनको भूमिकाबारे जानकारी गराए। यसका साथै श्रीमती बबिता प्रसादले महिला सदस्य बढ़ोतरीमाथि चर्चा गर्दै कार्य चलिरहेको र सम्भवत जनवरी महिनाभित्र सिक्किम राज्यमा महिला शाखाहरू खोलिने आश्वासन दिइन्। अन्तराष्ट्रिय चेयरमेन रमेश शाहले सिक्किमको पहल उत्कृष्ट रहेको बताउदै सबै राज्यहरूमा सिक्किमले गरेको कार्यहरूबारे चर्चा हुने गरेको बताए। यस अवसरमा पूर्व जिल्ला सह सचिव रोहित मोक्तानको असामयिक मृत्युमा गहिरो दुःख प्रकट गर्दै आरिथाङस्थित उनको आवासमा परिवारसंग भेट गरेर शोक जताए।

## गुजरातमा पराजयको डरले आत्तिएको छ भाजपा-कांग्रेस

**नयाँ दिल्ली, ०६ दिसम्बर (हिस)।** कांग्रेसले भारतीय जनता पार्टी (भाजपा) द्वारा कांग्रेस उपाध्यक्ष राहुल गांधीलाई बाबर भक्त औं खिलजीको आफन्त बताउनलाई गुजरात चुनाउमा पराजयको डरले आत्तिएको ठहर गरेको छ। कांग्रेस प्रमुख प्रवक्ता रणदीप सिहं सुरजेवालाले भाजपा प्रवक्ता जीवीएल नरसिम्हा रावको ट्वीटको आलोचना गर्दै बुधबार भनेका छन्, गुजरातमा पराजयलाई आफू अघि देखेर भाजपा आत्तिएको छ र आफ्नो सुन्तलन गुमाएको छ। उल्लेख्य, बाबरी विध्वंसको २५औं वर्षगाठको अवसरमा नरसिम्हा रावले ट्वीट गरी राहुललाई बाबर भक्त औं खिलजीको आफन्त बताएका थिए। नरसिम्हाले ट्वीट गरी भनेका थिए, 'अयोध्यामा राम मन्दिरको विरोध गर्नको निम्ति राहुल गांधीले ओवैसीहरू र जिलानिहरूसित हात मिलाएका छन्। राहुल गांधी निश्चित रूपमा एक बाबर भक्त औं खिलजीका आफन्त हुन्। बाबरले राम मन्दिरलाई नष्ट गरे औं खिलजीले सोमनाथलाई लुटे। नेहरू वंश दुवै इस्लामी आक्रमणकारीको पक्षमा छ'।

# सिक्किम बिहारी जागरण मञ्च रम्फू सिक्किम शाखाको नयाँ समिति गठन



**रम्फू, ६ दिसम्बरः** सिक्किम बिहारी जागरण मञ्च रम्फू सिक्किम शाखाको पुरानो समिति विघटित गर्दै सुकदेव प्रसादको सभापतित्वमा नयाँ समिति गठन गरियो। आज रम्फू समाज घरमा वरिष्ठ नगरिक रामप्रवेश प्रसादको सभापतित्वमा आयोजित बैठकमा नयाँ समिति गठन गर्दै उपाध्यक्षमा मनोज प्रसाद र ओमजी प्रसाद, महासचिवमा अजित शर्मा, सह सचिवमा सूरज प्रसाद, कोषाध्यक्षमा असरफी प्रसाद, प्रचार-प्रसार सचिवमा जेपि सिंह र विशाल ठाकुर सहित प्रमुख सल्लाहकारमा परमेश्वर प्रसाद, आरए पाण्डे, अरविन्द ठाकुर, राम प्रवेश प्रसाद, मोहम्मद इकबाल, अमीचन्द प्रसाद र अलिमम हुसैनलाई चयनित गरिएको छ। नव चयनित अध्यक्ष सुकदेव प्रसादले मञ्चको क्रियाकलापबारे चर्चा गर्दै आगामी ९ दिसम्बरको दिन पूर्व सिक्किम सिङतामममा आयोजित हुने वर्षगाँठ समारोहमा अधिक सदस्यहरू सहभागी बन्ने अपील गरे। नव चयनित महासचिव अजित शर्माले सबै सदस्यहरूलाई समाज, राज्य र देशको सेवामा अझ सक्रिय भूमिका निर्वाह गर्ने आह्वान गर्दै तीन गरीब नानीहरूको पढाईको खर्च वहन गर्ने घोषणा गरे। अन्य वक्ताहरूले पनि समाज सेवाबारे चर्चा गर्दै रम्फू सिक्किमको मुख्य प्रवेशद्वार रहेकोले सफाईबारे विशेष ध्यान दिने विषयमाछि चर्चा गरियो।

# बेप्राप्रशिसं-को सभा हुने

**सिलगढ़ी, ६ दिसम्बरः** बेरोजगार प्राथमिक प्रशिक्षित शिक्षक संगठनको साधारण सभा स्थानीय जीडीएनएस पुस्तकालय हल, दार्जीलिङमा ९ दिसम्बर २०१७, शनिवारका दिन बिहान १०.३० बजेदेखि हुनेभएको छ। यसर्थ, एकवर्षे बीटी तालिमप्राप्त प्रशिक्षित सदस्यहरू अनिवार्य रूपले उक्त सभामा उपस्थित भइदिने अनुरोध संस्थाका सहसचिव पूर्णिमा शेर्पाले गरेकी छन्।

जीटीए शिक्षा विभागमा सदस्यसूची बुझाउनपर्ने भएकाले एकवर्षे बीटी तालिमप्राप्त प्रशिक्षित जति पनि सदस्य छोड़िएका छन् उनीहरूलाई यो सभामा अन्तिमपल्ट आफ्नो नाम समावेश गराउने मौका बेप्राप्रशिसं-ले दिएको बताइएको छ। उल्लेखनीय, उक्त सभामा उपस्थित नहुने सदस्यको नाम सदस्यता सूचीमा नगाभिने सचिव सुजन सुब्बाले जनाएका छन्।

यसबारे जीटीए बोर्ड अध्यक्ष, उपाध्यक्ष, विधायक, दार्जीलिङ महकुमा र जिल्ला प्राथमिक शिक्षा परिषद अध्यक्षाहरूलाई बेप्राप्रशिसं-ले सौजन्यमूलक भेट गरी स्मारक पत्र चढ़ाइसकेको र सकारात्मक पहल गरिदिने आश्वसन दिएका छन् भनी अध्यक्ष प्रमोद राईले जनाएका छन्। यसअघि शिक्षक नियुक्ति गरिँदा कानुनको उलङ्घन गरी प्रशिक्षितहरूलाई किनारा लगाएर अप्रशिक्षित अनि अन्तर्वार्ता नबसेका व्यक्तिहरूलाई नियुक्ति पत्र दिने कार्य भएको थियो। यसरी योग्य उम्मेदवारहरूलाई अन्याय गरे तत्कालीन सत्ताको बाघडोर सम्हाल्ने नेतृत्ववर्गले। शिक्षाजस्तो संवेदनशिल क्षेत्रमा राजनीतिकरण गरे शिक्षितहरूले कहिल्यै पनि माफ गर्नेछैन। अब शिक्षक-शिक्षिका नियुक्ति गरिँदा यस्तो भूल पुनः दोहोरिने छैन भनी हामीले विश्वास राखेका छौं, उपाध्यक्ष लिना शेर्पाले भनिन्।

फारम लाने सदस्यहरूले उक्त फारम भरेर सभामा नै बुझाइदिने अनुरोध प्रेस विज्ञप्तिमा प्रचार-प्रसार सचिव हेमन्त राईले गरेका छन्।

## ट्राफिक समस्याले टाउको दुखाई

**बिजनबारी, ६ दिसम्बरः** हिजो आज सबै प्रकारका वाहनहरूको असाधारण वृद्धिले बिजनबारी बजारमा समस्या बढ़ेर गएको देखिएको छ। बजारमा यसरी बढ़दो वाहनहरूको घुइँचोले गर्दा बजार परिसरमा स-साना विद्यार्थीहरूलाई बजारबीच भएर स्कूल जान पनि असुविधा भईरहेको देखिएको छ। गत केही दिन अघि सम्म बिजनबारी बजारबीचमा ट्राफिक समस्यालाई साम्य पार्न पुलिस चौकीको व्यवस्था मिलाइएको हुँदा यहाँको ट्राफिक समस्याले राहत पाएको थियो। तर हिजो आज पुलिस चौकी पनि हटाइएको कारण ट्राफिक समस्याले फेरि स्थानीय मानिसहरूको टाउको दुखाईको स्थिति बड़ेर गएको छ। बजार परिसरमा हिजआज सिभिक पुलिस जताभावी उभिएको देखिन्छ। उनीहरूमा बेसी मात्रा स-साना ठिटीहरूमात्र हुन्छन्। ट्राफिक समस्या जति सुकै बजार परिसरमा बढ़ेर गए पनि सिभिक पुलिसले केही गर्न सकिरहेका छैनन्। उनीहरूको उपस्थितिले बजारको ट्राफिक समस्या समाधान हुन नसक्ने भनाई छ। यसोसले बजारमा पुलिस बलको व्यवस्था हुनपर्ने मानिसहरूले माग गर्न थालेका छन्।

# बिजनबारीमा विश्व माटो दिवस पालन

**बिजनबारी, ६ दिसम्बरः** दार्जीलिङ पुलबजार खण्ड विकास कार्यालय अन्तर्गतमा पर्ने तथा नयाँ नोर ग्राम पञ्चायत नजिक नयाँ बस्तीमा हिजो ५ दिसम्बरको दिन विश्व माटो दिवस पालन गरियो। कृषि दिवस, बिजनबारीको सौजन्यमा आयोजित कार्यक्रममा क्षेत्रका कृषक दाजुभाई समुदायलाई सरकारी तहमा माटो जाँच गरिएको सोयल हेल्थ कार्ड, कार्यक्रममा उपस्थित कृषकहरूलाई प्रदान गरियो। कार्यक्रममा कृषि सम्बन्धित चलिरहेको योजनाबारे जानकारी प्रदान गरियो साथै किसान लोन (किसान क्रेडिट कार्ड) को पनि जानकारी गराइयो। हिजो सम्पन्न भएको विश्व माटो दिवस कार्यक्रममा सह कृषि अधिकारी (खण्ड) अभिनय बागदास तथा खण्ड तकनिकी प्रबन्धक निङमा शेर्पा अनि शिवकुमार सुब्बा (केपीएस) को उपस्थिति थियो। विश्व माटो दिवको कार्यक्रममा उपस्थित किसानहरूलाई यसरी विश्व माटो दिवस पालन गरिनुपर्ने मूल उद्देश्य के हो अनि यसबारे कृषक समुदायले माटोबारे जानकारी पाउनपर्छ समयको आवश्यकता हो। आज समय परिवर्तनशील छ। यसोसले कृषकहरूले खेती गरन अघि माटोको संरक्षण कसरी गरिनुपर्छ भन्ने विषयमा जानकारी गराइयो। वर्षौंपछि एउटै ठाउँमा बारम्बार खेती गर्ने गरेकाले साथै माटोलाई बेसी भन्दा बेसी उपार्जन गर्नको निम्ति उपयोग गर्छन्। यस्तो अवस्थामा माटोमा ह्रास हुने गरेकोले यसमा दुषित प्रभाव पर्ने हुनाले पनि खेतमी उपार्जन राम्रो नभएको जानकारी गराइयो। माटोको उचित संरक्षम गरिनुपर्छ र यसबारे सरकारी पक्षमा पनि सकारात्मक कदम चालिरहेको विषयमाथि प्रकाश पार्दै अभिनय बागदासले जानकारी गराए।

## विधवाहरूको पुनर्वास नगरेकोमा १२ राज्यमाथि दुई-दुई लाख रूपियाँ जरिमाना

**नयाँ दिल्ली, ०६ दिसम्बर (हिस)।** सुप्रीम कोर्टले विधवाहरूको आश्रय र पुनर्वासको निम्ति दिइएको उसको दिशा-निर्देशहरूको पालन नगरेकोमा १२ राज्यमाथि दुई-दुई लाख रूपियाँको जरिमाना लगाएको छ। जुन राज्यहरूले आदेशको पालन गरेका छन् तर अधूरो सूचना दिएका छन्, तिनीहरूमाथि सुप्रीम कोर्टले एक-एक लाख रूपियाँको जरिमाना लगाएको छ। जुन राज्यहरूमाथि दुई-दुई लाख रूपियाँको जरिमाना लगाइएको छ, त्यसमा उत्तराखण्ड, मध्यप्रदेश, कर्नाटक, गुजरात, मिजोरम, असम, हिमाचल प्रदेश, जम्मू-कश्मीर, तमिलनाडू र अरूणाचल प्रदेश सामेल छन्। विधवाहरूको स्थिति सुधार्नमा सुझावको निम्ति सुप्रीम कोर्टले ५ सदस्यीय कमेटी बनाएको थियो। यस कमेटीमा एनजीओ जागोरीका सुनीता धर, गिल्ड फर सर्विसका मीरा खन्ना, उकील एवं सामाजिक कार्यकर्ता आभा सिङ्घल जोशी, हेल्प एज इण्डिया र सुलभ इन्टरनेशनलका एक-एक प्रतिनिधि सामेल छन्। गत १८ जुलाईमा सुप्रीम कोर्टले केन्द्र सरकारलाई भनेको थियो, जुन विधवहरूको आयु कम छ, उनीहरूको पुनर्विवाहबारे योजना बनाइयोस्। कोर्टले विधवा कल्याणको रोडम्यापमा आपत्ति जाहेर गर्दै भनेको छ, विधवा महिलाहरूलाई भन्दा राम्रो खाना जेलका कैदीहरूले पाउछन्। सुप्रीम कोर्टले भनेको थियो, १८ वर्षभन्दा कम आयुका केटीहरूको विवाह कसरी हुन सक्छ। उनीहरू विधवा भएमा उनका परिवारले कसरी छोड्न सक्छन्।

# श्रीराम लाइफ इन्सोरेन्स कम्पनीको जागरूकता कार्यक्रम




रम्फू, ६ दिसम्बरः बिमा गराउनु सबैको निम्ति राम्रो हो तर बिमा गराउनु अघि त्यसबारे जानकारी लिन अझ आवश्यक छ। श्री राम लाइफ इन्सोरेन्स कम्पनीले यसरी रम्फूमा बिमाबारे जानकारी र चर्चा कार्यक्रम आयोजित गरेर रम्फूवासीलाई लाभ पुऱ्याउने कार्य गरेको छ। आज रम्फू समाज घरमा श्री राम लाइफ इन्सोरेन्सद्वारा आयोजित उपभोक्ता भेट जागरूकता कार्यक्रमको साथ सम्मान कार्यक्रममा मुख्य अतिथिको रूपमा बोल्दै रम्फू नगर पञ्चायतकी वार्ड नम्बर २ की पार्सद श्रीमती सावित्री प्रधानले सुरक्षित भविष्यको निम्ति बीमा गराउन आवश्यक रहेको बताइन्। श्री राम लाइफ इन्सोरेन्सद्वारा आयोजित बैठकमा सिक्किम आम बिहारी कल्याण मञ्च सभापति छोटेलाल प्रसाद, महासचिव तनवीर अहमद, समाज सेवी सुधीर छेत्री, भीम प्रधान, गणेश शर्मासहित अन्यहरूको उपस्थिति थियो। कम्पनीका सिक्किम राज्यका वरिष्ठ शाखा प्रबन्धकद्वारा संचालित बैठकलाई सम्बोधित गर्दै क्षेत्रीय प्रबन्धक कोलकाता मिहिर माइतीले कम्पनीको देशका विभिन्नका उल्लेखनीय कार्यबारे जानकारी दिए। दक्षिण बंगाल र सिक्किम क्षेत्रका प्रबन्धक दीपांकर कुण्डुले सिक्किममा कम्पनीको विस्तार कार्यक्रमबारे जानकारी गराउँदै वर्ष २०१६ मा पाइला टेकेको कम्पनीको एक वर्षभित्र २०० जनाभन्दा अधिक एजेन्ट रहेको र १०० ग्राहकहरूको साथ ६० लाखको व्यापार गरेको आफ्नो सम्बोधनको क्रममा बताए। मार्च २०१८ सम्म एक करोड़को व्यापार गर्ने लक्ष्यको साथ रम्फू अनि सिङताममा पनि कार्यालय खोलिने निर्णय लिएको बताए। रम्फू निवासी वरिष्ठ अधिकारी प्रवीन गर्ग अनि सिङताम निवासी जितनारायण प्रसादले पनि बैठकलाई सम्बोधन गर्दै समय-समयमा सय प्रकारको जागरूकता कार्यक्रम आयोजन गर्ने जानकारी गराए।

# अदालतमा राम मन्दिर मामिलालाई राजनीतिक रंग दिने प्रयास गरिरहेछन् सिब्बलले- स्वामी

नयाँ दिल्ली, ०६ दिसम्बर (हिस)। भारतीय जनता पार्टी (भाजपा) नेता सुब्रह्मण्यम स्वामीले कांग्रेस नेता एवं उकील कपिल सिब्बलको आलोचना गर्दै राम मन्दिर मामिलालाई अदालतमा एक राजनीतिक कोण दिने प्रयास गरिएको बताएका छन्। स्वामीले बुधबार भनेका छन्, सिब्बलले अदालतमा यस मामिलामा केवल राजनीतिक स्तरमा बहस गरे किनभने उनलाई थाहा छ, यदि यो मामिला उनको हातबाट निस्के उनी आगामी चुनावमा पराजित हुनेछन्। बाबरी मस्जिद-राम जन्मभूमि मामिलाको सुनवाई शुरू भएको थियो, जहाँ दुवै पक्षलाई अदालत समक्ष आफ्नो पक्ष राख्नु थियो, तर कपिल सिब्बलले यस मामिलामा उनले सबै दस्तावेज नपाएको भने। यस्तोमा अदालतले अघिको कारबाही बढ़ाउन सक्दैन। भाजपा नेताले थप बताएका छन्, सिब्बलको पक्षको तर्फबाट सबै दस्तावेज जमा गरिएको थिएन जबकि उनको पक्षबाट सबै औपचारिकता पूरा गरिएको छ। स्वामीले भने, कपिल सिब्बलले अदालतमा भनेका छन्, रामजन्म भूमि-बाबरी मस्जिद विवादको फसेलाले २०१९ चुनाउलाई प्रभावित गर्नेछ। यही कारण हो, यस फसेलालाई तबसम्म टार्नुपर्छ। उनले यस मामिलाको राजनीतिक प्रचार गर्ने प्रयास गरे औं मामिलाको सुनवाईमा ढिलाई होस् भनी धेरै प्रयास गरे। यस मामिलामा जब सुनवाई हुनेछ, तब फसेला उनको पक्षमा जाने स्वामीले जनाएका छन् किनभने यो सुनवाई पूर्ण रूपमा साक्ष्यहरूको आधारमा हुनेछ।

## करेण्ट लागेर पुलिसकर्मीको मृत्यु

**सिलगढ़ी, ६ दिसम्बर।** जलपाइगड़ीको रेसकोर्सपाड़ाअन्तर्गत पारसमणि नगरमा आफ्नो नवनिर्मित घरमा बिजुलीको करेण्ट लागेर एकजना पुलिसकर्मीको मृत्यु भयो। मृत पुलिसकर्मीको नाउँ अमन गुरुङ (२४) हो। जलपाइगड़ी थाना पुलिसले घटनाको जाँच शुरू गरेको छ। गृह प्रवेशको पूजा भए पनि अमन गुरुङ नयाँ घरमा बस्न पाएनन्।

अमन नयाँ घरमा बस्न मंगलवार नै गएका थिए। तर त्यसै नयाँ घरमा बिजुलीको करेण्ट लागेर अमन गुरुङको मृत्यु भएको हो। मृतककी दिदी मिमी गुरुङ विश्वकर्मले भनिन्, नयाँ घरमा विच्छिन्न भएको बिजुलीको तार जोड्ने प्रयासमा नै भाइलाई करेण्ट लागेको हो। करेण्ट लागेपछि तिनलाई तत्कालै जलपाइगड़ी सुपर स्पेशियलिटी अस्पताल पुऱ्याइयो पनि डाक्टरहरूले अमनलाई मृत घोषित गरे। तिनी जलपाइगड़ी पुलिस लाइनमा कार्यरत थिए।

## नेफको प्रकृति पाठ शिविर १८ देखि

**सिलगढ़ी, ०६ दिसम्बर (हिस)।** हिमालयन नेचर एण्ड एडवेञ्चर फाउण्डेशन (नेफ)को तर्फबाट २७औं प्रकृति पाठ शिविरको आयोजन १८-२३ दिसम्बरमा भट्टाबाड़ी फोरेस्टमा आयोजित गरिनेछ। हिमालयन नेचर एण्ड एडवेञ्चर फाउण्डेशनका सचिव शंकर मजूमदारले बुधबार पत्रकारहरूलाई सम्बोधित गर्दै यो जानकारी दिए। शंकर मजूमदारले बताएका छन्, भट्टाबाड़ी फोरेस्ट समीप साकाम पहाड़ी क्षेत्रमा २७औं प्रकृति पाठमा हजारौं नानीहरू बाहेक दिव्याङ्ग युवक-युवती पनि सामेल हुनेछन्। आम युवक-युवतीहरूको निम्ति ३३औं प्रकृति पाठको आयोजन २५-३० दिसम्बरमा गरिनेछ। मजूमदारले यस शिविरमा भाग लिनको निम्ति इच्छुक युवक-युवतीले नेफको अफिसबाट फारम लिन सक्ने जनाएका छन्।




## अन्त्येष्टि क्रिया

हाम्रा पूजनीय पिता नरबहादुर (नरेन) राईको गत ३ दिसम्बर २०१७ का निधन भयो। उहाँको अन्तिम संस्कारमा सहभागी बनिदिने समग्र बन्धुबान्धव, इष्ट मित्रगण आफन्तजन तथा शुभचिन्तकप्रति कृतज्ञत प्रकट गर्दै आगामी १० दिसम्बर २०१७ को दिन निजनिवास ६ माइल (इन्टेल मोटर नजिक) तादोङ, गान्तोक, पूर्व सिक्किममा सम्पन्न हुने उहाँको अन्त्येष्टि कियामा सबै इष्ट, मित्रबन्धु, बान्धव, आफन्त, शुभचिन्तकहरूलाई सहभागी बनी उहाँको आत्माशान्तिको निम्ति प्रार्थना गरिदिने विनम्र अनुरोध गदर्छौं।

**विनीत**
**छोराहरूः सुनील राई 9046685292**
**बुहारीः जिकी सोमन 8768369797**
**लगायत सम्पूर्ण शोकाकूल परिवार**

## Kutse Shegu



**KUTSE SHEGU OF LATE. SMT. MINGMA THEENGH, THEENGH BUILDING, DR. B.R. AMBEDKAR ROAD, UPPER SICHEY, GANGTOK.**

Our most precious, respected and loving Mother passed away to heavenly abode on Wednesday, 25th October, 2017.

I, Sonam Tshering Theengh in deep sorrow and grief and on behalf of Theengh Family (Upper Sichey) inform that Kutse Shegu (49th Day Prayer Ceremony) of our Dearest Late "AMA" is being observed on Wednesday, 13th December, 2017.

All relatives, friends and well wishers are kindly requested to join us for the prayer ceremony at residence, Theengh Building, Dr. B.R. Ambedkar Road, Upper Sichey, Gangtok.

We also like to express our Gratitude to our relatives, friends and well wishers, who stood by us and gave us strength in this most painfull moment of our great loss. We are indeed grateful in all our humility.

**Sons: Shri. Suren Theengh, Lahmin & Family, Smt. Purnima Theengh & Family, Shri. Sonam Tshering Theengh, Sarala & Family**
**Daughters: Smt. Laxmi, Jayanti, Indu, Meera, Kanta, Usha, Asha and Anupama & Family.**
**Contact: 8016046629, 9832012980, 7001123493**